# बालविवाह
## विरुद्ध सचेतना



**विकासका लागि स्थानीय स्वयंसेवकहरुको प्रयास (सल्भ नेपाल)**

**काठमाडौं, नेपाल**

सामाजिक न्यायका लागि महिलाहरुको आर्थिक सशक्तिकरण परियोजना

## नेपालको कानूनले विवाह भन्नाले के बुझिन्छ ?

नेपालको कानून अनुसार कुनै पुरुष र महिलाले कुनै उत्सव, समारोह, औपचारिक वा अन्यकुनै कार्यबाट एक अर्कालाई पतिपत्नीको रुपमा स्वीकार गरेमा विवाह भएको मानिनेछ । तर विवाहले कानूनी मान्यता पाउनका लागि पति पत्नीका रुपमा स्वीकार गर्न दुबैको मन्जुरी भएको, हाडनातामा नपर्ने, पुरुष र महिला दुवैको वैवाहिक सम्बन्ध कायम नरहेको अवस्था, बीस वर्ष उमेर पूरा भएको हुनु पर्नेछ।

## बालविवाह र कम उमेर विवाह के हो ?

नेपालको कानूनले १८ वर्ष पुरा नगरेको व्यक्तिलाई बालबालिका भनिएकोछ। कानून अनुसार विवाहका लागि योग्य भनेर २० वर्ष उमेर तोकिएको छ। त्यसैले १८ बर्ष भन्दा कम उमेरमा हुने विवाहलाई बालविवाह र १८ वर्ष माथि तर २० वर्ष भन्दा कम उमेरमा हुने विवाहलाई कम उमेर विवाह भनिन्छ। यस उमेरमा गरिएको विवाह कानूनी हिसाबले स्वत:बदर हुन्छ।

## नेपालमा बालविवाहको अवस्था के छ ?

राष्ट्रिय बालअधिकार परिषदको प्रतिवेदन (२०१८) अनुसार १० वर्ष देखि १८ वर्ष उमेर बीच २६.३ प्रतिशतले बालविवाह गरेको जानकारी गराएको छ।

## बालविवाह हुनुका कारण के के हुन?

बालविवाह हुनुमा धेरै कारणहरु रहेका छन्। त्यसैले समाजको चेतनास्तर, गरिबी, यौनशिक्षा, पढाइ बिचैमा छोड्नु, रोजगारीको अवसर, अन्धविश्वास तथा परम्परा, राजनैतिक इच्छा शक्ति तथा अगुवाहरुको बुझाई, बालबालिका स्वयम् बालविवाहको परिणामबारे अनभिज्ञ, देखासिकी तथा आधुनिक संचार माध्यमको गलत प्रयोग, सुरक्षाको प्रत्याभूति नहुनु जस्ता विविध कारणहरुले बालविवाह हुने गरेका छन्।

## बालविवाह गर्ने गराउनेलाई के हुन्छ ?

बालविवाह कानून विरुद्धको कार्य भएकाले यो स्वत:बदर हुन्छ, अर्थात यसले कुनै कानूनी मान्यता पाउँदैन। आ-आफ्नो इच्छाले वा अरूको करकापले बालविवाह गर्न गराउन पाइँदैन। त्यसैले बालविवाह गर्ने व्यक्ति वा बालविवाह गराउने बाबुआमा साथै अन्य सहयोगी व्यक्तिहरु समेतलाई सजाय हुने व्यवस्था रहेको छ। बालबालिका सम्बन्धी ऐन २०७५ ले बालविवाह गर्ने गराउनेको हकमा ७५ हजार रुपैयाँसम्मको जरिवाना र ३ वर्षसम्मको कैदको व्यवस्था गरिएको छ।



## बालबालिका आफै स्वईच्छाले बालविवाह गरे के हुन्छ ?

- बालविवाह गैरकानूनी भएकोले कानूनले सजायको व्यवस्था गरेको छ साथै बालविवाह स्वत: बदर भई कुनै कानूनी मान्यता नपाउने अवस्था रहेको छ। आफूखुसी स्वईच्छाले विवाह गरे, भागेर प्रेम विवाह गरे भन्ने आधारमा बालविवाह गर्ने बालक र बालिकाले पनि कानूनी कारवाहीमा पर्न सक्दछन्। अपराध गर्दाको समय १८ बर्ष भन्दा कम उमेरका हकमा बालबालिकाको उमेर अनुसार कानून बमोजिम सजाय हुने व्यवस्था रहेको छ। २० वर्ष भन्दा कम उमेरमा हुने बिबाहले कानूनी मान्यता नपाउनुका साथै बिबाह दर्ता नभै नाता कायम नहुने र विभिन्न कानूनी समस्याहरु आई पर्दछ।

## बालविवाहका असरहरू के के हुन्छ?




## बालविवाह अन्त्यका लागि नेपालमा के के प्रयासहरू भएका छन् ?

- बालविवाहका विरुद्धमा कानूनको व्यवस्था, जनचेतना कार्यक्रमहरु, उद्धार तथा पुर्नस्थापन एवम् शैक्षिक सहयोग, सीपमूलक तालिम जस्ता कार्यहरु भई आएका छन् ।
- सार्क मुलुकहरुमा बालविवाह अन्त्यका लागि क्षेत्रीय कार्ययोजना तयार गरी बालविवाह विरुद्ध विभिन्न कार्यक्रम संचालन हुदै आएको छ ।
- दिगो विकास लक्ष्यहरु अनुरुप सन् २०३० सम्ममा नेपालमा बालविवाह अन्त्य गर्ने लक्ष्यका साथ बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ पारित भएको छ ।
- नेपालमा रहेका करीब २३ हजार भन्दा बढी बालक्लबहरु पनि बालविवाहका विरुद्धमा क्रियाशिल रहेकाछन् ।
- बालबालिकाको क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाहरु पनि बालविवाह अन्त्यका लागि विभिन्न किसिमका क्रियाकलापहरु संचालन गरिरहेका छन् ।

## बालविवाह अन्त्य गर्नका लागि कसको के भूमिका हुनसक्छ ?

- बालबालिकाले बालविवाह नगर्ने र साथीहरुलाई पनि उमेर नपुगी विवाह नगर्न सल्लाह सुझाव दिने ।
- बालबालिकाहरु मोबाइल तथा इन्टरनेटका माध्यममबाट हुने सम्पर्कबाट आउने मायाप्रेम, विवाह जस्ता प्रस्तावहरुमा सर्तक र सावधान रहने ।
- अभिभावकहरुले आर्थिक लोभमा परेर वा राम्रो कुलघरानाको मान्छे माग्न आएको छ भनेर वा दाइजो कम दिनु पर्छ भन्ने जस्ता कारण बालबालिकाको उमेर बिस वर्ष नपुगी विवाह नगरिदिने ।
- समुदायले बालविवाह हुन लागेको थाहा पाएमा रोक्ने, अभिभावक तथा बालबालिकालाई सम्झाउने, बालविवाह गर्ने गराउने परिवारलाई आवश्यकता अनुसार कानुनी कारबाही गर्ने ।
- बिद्यालयले बालविवाहका नकारात्मक असर, प्रजनन स्वास्थ्य लगायतका बारे विभिन्न माध्यमले सचेत गराउने, बालविवाहले जीवन जोखिममा पार्ने कुरा अनुभुती गराउने ।
- स्थानीय सरकारले बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ को कार्यान्वयका साथै बालविवाह बिरुद्ध न्यायिक समितीलाई सक्रिय बनाउने ।
- स्थानीय सरकारले नीति, कार्यक्रम र बजेटमा बालविवाह अन्त्य विषयलाई प्राथमिकता दिने ।

## बालविवाह सम्बन्धी उजुरी कहाँ दिने ?



बालविवाहका सम्बन्धमा थाहा पाउने जोसुकैले पनि उजुरी गर्न सक्दछन् । उजुरी दिंदा नजिकको प्रहरी कार्यालयमा दिने तर प्रहरी कार्यालयले उजुरी लिएन भने सो उजुरी जिल्ला सरकारी वकिल कार्यालय वा उक्त उजुरी नलिने प्रहरी कार्यालय भन्दा माथिल्लो तहको प्रहरी कार्यालयमा उजुरी गर्न सकिन्छ । यदी माथिल्लो तहको प्रहरी कार्यालयले सो उजुरी लिन नमाने प्रमुख जिल्ला अधिकारी समक्ष उजुरी दिन सकिनेछ। प्रमुख जिल्ला अधिकारीले पनि उजुरी नलिएमा सो सम्बन्धमा गृह मन्त्रालयमा उजुरी दिन सकिने छ ।

बालविवाह सम्बन्धी तत्काल उजूरीका लागि निशुल्क फोन नं. १०९८, बालबालिका खोजतलास समन्वय केन्द्र फोन नं. १०४, नेपाल प्रहरी फोन नं.१०० मा सम्पर्क गर्न सकिन्छ ।

**सम्पर्क ठेगाना**

**विकासका लागि स्थानीय स्वयंसेवकहरुको प्रयास**

**(सल्भ नेपाल)**

तीनकुने, काठमाण्डौ, फोन नं :०१ ४४६८९६०

इमेल : info@solvenepal.org.np